गैडहवा गाउँपालिकाका अध्यक्ष श्री सुरेन्द्र पौड्याल ज्युले गैडहवा गाउँपालिकाको
१६औं गाउँसभामा पेश गर्नुभएको

गैडहवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
विष्णुपुरा, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल
२०७४

# नीति तथा कार्यक्रम

आ. व. ०८२।०८३

गैडहवा गाउपालिका

२०८२

## आ.व.२०८२/८३ को नीति तथा कार्यक्रम

यस सभाका सभा सदस्यज्यूहरु तथा कार्यक्रममा उपस्थित हुनु भएका अन्य महानुभावहरु, यस गैडहवा गाउँपालिकाको १६औं गाउँसभामा उपस्थित भई आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा म आफुलाई अत्यन्तै गौरवान्वित ठानेको छु ।

सभाका सदस्य ज्यूहरु

नेपालको राजनैतिक परिवर्तनका लागि विभिन्न समयमा भएका आन्दोलन र २०६२/०६३ सालमा भएको संयुक्त जन आन्दोलन पछि जारी भएको नेपालको संविधानको कार्यान्वियन संगसंगै देश संघीय शासन व्यवस्थामा ल्याउन योगदान पुऱ्याउने सम्म्पूर्ण सहिदहरु प्रति श्रदासुमन व्यक्त गर्दछु । स्थानीय तहको दोस्रो निर्वाचनबाट हामीहरुलाई निर्वाचित गराई आज निर्वाचित भइ सकेपछिको सातौ गाउँसभा सम्म पुर्याउनु हुने सम्पूर्ण मतदाताहरुलाई म हार्दिक धन्यवाद दिन चाहन्छु । आ.व. २०८१/०८२ को नीति तथा कार्यक्रममा घोषणा गरिएका हाम्रा प्रतिबद्धताहरु र निर्वाचनको क्रममा आम जनसमुदाय समक्ष हामीले गरेका प्रतिबद्धताहरु के – कति पुरा भए, कति कार्यान्वियनको चरणमा छन र कति कार्यान्वियन हुन सकेका छैनन् ती सबै कार्यहरु मूल्यांकन गर्दै अगामी दिनहरुमा क्रमशः पुरा गर्दै जाने प्रतिबद्धता व्यक्त गर्दछु ।

आदरणीय गाउसभा सदस्य ज्यूहरु,

अव म आ. व. ०८२/०८३ को नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

शिक्षा तर्फ

१. विद्यालय उमेरका बिचमा कक्षा छोड्ने बालबालिकाहरुलाई विद्यालयमा ल्याउनका लागि र विद्यालय बाहिररहेका बालबालिकाहरुलाई विद्यालयमा भर्ना गराउन अभिभावक सचेतना शिक्षा तथा भर्ना अभियान कार्यक्रम सञ्चालन गरिनेछ।

२. अनिवार्य तथा निशुल्क शिक्षालाई सबै अभिभावक समक्ष व्यापकरुपमा प्रचारप्रसार गरी कार्यान्वयनमा ल्याईनेछ।

३. बालविकास केन्द्रलाई सबलीकरण गर्दै निर्धारीत मापदण्ड अनुसार प्रभावकारी व्यवस्थापन गरिनेछ।

४. स्थानिय पाठ्यक्रमको निर्माण र कार्यान्वयनमा विशेष जोड दिई आत्म विश्वास तथा गौरवपूर्ण पठन संस्कृति विकास गरिने छ ।

५. शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विद्यार्थी सङ्ख्याका आधारमा दरबन्दि मिलान गरि शिक्षक विद्यार्थी अनुपात मिलाईनुका साथै गाउँपालिका अनुदान कोटामा कार्यरत शिक्षकहरुको कोटा पुनर्वितरण गरिने छ।



सुरेन्द्र पौड्याल
अध्यक्ष

आ.व.२०८२/८३ को नीति तथा कार्यक्रम

६. शिक्षकहरुलाई क्षमता विकासका लागि कार्यमुलक अनुसन्धान तथा विभिन्न विद्यालयमा क्रमश सेवाको अवसर प्रदानगरी शैक्षिक समस्याको पहिचान र समाधानमा भरपूर परिचालन गरिने छ।

७. विद्यालयको भौतिक पुर्वाधार विकास तथा बसाई व्यवस्थापनका लागि फर्निचर निर्माण जस्ता कार्यलाई निरन्तरता दिदै संघिय सरकार तथा प्रदेश सरकारको सहयोगमा सुविधा सम्पन्न गराउदै लगिनेछ।

८. शिक्षकहरुको क्षमता अभिवृद्धि गर्न नमुना शिक्षण,सूचना प्रविधि तालिम तथा शैक्षिक अवलोकन भ्रमण जस्ता कार्यक्रमहरुको व्यवस्था मिलाई आधुनिक ज्ञान तथा प्रविधि संग समायोजित हुने अवसर प्रदान गरिनेछ।

९. विभिन्न विद्यालय, क्याम्पस, विश्वविद्यालयमा अध्ययन गर्ने तथा आर्थिक अवस्था कमजोर भएका विद्यार्थीहरुलाई छात्रवृति तथा सहायता दिने व्यवस्था मिलाईनेछ।

१०. सामुदायिक विद्यालय तथा मदरसाहरुमा सञ्चालित दिवा खाजा कार्यक्रमको अनुगमन निरीक्षण तथा नियमन गर्दै विद्यालयमा जंक फुड पूर्णरुपमा निषेधित गर्नका लागि सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

११. राष्ट्रपति रनिङशिल्ड प्रतियोगितालाई थप व्यवस्थित र प्रभावकारी बनाउदै प्रतिभा पहिचान कार्यक्रम सञ्चालन गरिनेछ।

१२. प्राविधिक तथा व्यवसायिक शिक्षालाई थप विस्तार गर्दै प्रविधियुक्त जनशक्ति उत्पादन गरि सिपयुक्त स्वरोजगार भई आत्म निर्भर बनाउन सहयोग पुर्याईनेछ।

१३. सम्पूर्ण शैक्षिक संस्थाहरुलाई शुद्ध खानेपानी, सफा शौचालयतथा प्लाष्टिक मुक्त विद्यालय बनाउनका लागि बालक्लब, युवा क्लब, स्काउट, रेडक्रस जस्ता संस्थालाई परिचालन गर्न प्रेरित गर्दै लगिनेछ।

१४. यस गाउँपालिकामा रहेको एकमात्र सूर्यपुरा बहुमुखि क्याम्पसको भौतिक तथा शैक्षिक अवस्था सुधारका लागि श्रोत सुनिश्चितता गरिनेछ।

१५. विद्यार्थीको शैक्षिक उपलब्धीको मुल्याङ्कनलाई प्रभावकारी र व्यवस्थित बनाउदै एकरुपता, वैधता र विश्वसनियता कायम गरिनेछ ।

१६. पालिका भित्र रहेका सार्वजनिक तथा संस्थागत विद्यालयहरुको समान गुणस्तर कायम गर्न संस्थागत विद्यालय र सामुदायिक विद्यालयका शिक्षकहरुलाई आलोपालो सेवाको प्रवन्ध गरिने छ ।



सुरेन्द्र पौडयाल
अध्यक्ष

गैडहवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
विष्णुपुरा, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल
२०७३

आ.व.२०८२/८३ को नीति तथा कार्यक्रम

१७. गाउंपालिका- विद्यार्थी अन्तर्कृया तथा भेट कार्यक्रमलाई संचालन गरिने छ ।

१८. पालिकाको खेल मैदानको स्तरोन्नतिको लागि संघ र प्रदेश सरकार संग सहकार्य गरिने छ।

आदरणीय सभा सदस्य ज्युहरु

**महिला, वालवालिका, जेष्ठ नागरिक तथा समाज कल्याण तर्फ**

१९. यस पालिका भित्र रहेका सडक वालबालिकाको एकिन गरी संरक्षकत्व ग्रहणका लागि आवश्यक कार्यक्रम ल्याइने छ ।

२०. विपन्न, गरिब, पिछडा, हिंसाबाट पिडित र प्रभावित महिलाहरुलाई जीविको पार्जनमा सहजता ल्याउनको लागि सिप विकास तालिम मार्फत सशक्तिकरण गराउने निति लिईनेछ।

२१. कमजोर अवस्थाका एकल महिलालाई जिविकोपार्जनका लागि रोजगार मूलक कार्यक्रम संचालन गरी सम्मानजनक जिवन यापन गराउने निति लिईनेछ ।

२२. ज्येष्ठ नागरिकको जिवनयापनमा सहजता ल्याउनका लागि ज्येष्ठ नागरिकलाई घरमै स्वास्थ्य सेवा संचालनको निति लिईनेछ ।

२३. अपाङ्गता भएका व्यक्तिहरुलाई जिवन यापनमा सहजता ल्याउनको लागि सिप विकास तालिम संचालन गर्ने निति लिईनेछ ।

२४. विपन्न परिचय पत्रलाई संघिय सरकारको सहकार्यमा वस्तुगत र वैज्ञानिक वनाइने छ।

२५. बौद्धिक अपांगता भएकाको सहज जिवनयापनका लागि वौद्धिक अपांग केन्द्रित साझेदार संग सहकार्य गरिने छ ।

२६. वालिका विमा कार्यक्रमलाई आ. व. ०८२/०८३ मा निरन्तरता दिईने छ ।

आदरणीय सभा सदस्य ज्यूहरु,

**जनस्वास्थ्य प्रवर्द्धन तर्फ**

२७. आयुर्वेद, प्राकृतिक चिकित्सा, होमियोप्याथी जस्ता वैकल्पिक चिकित्सा प्रणालीलाई प्रवर्द्धन र विस्तार गरिदै लगिनेछ ।

२८. मातृ शिशु स्वास्थ्य प्रवर्द्धनका लागि स्तनपायी सेवा कार्यक्रम, नागरिक आरोग्यताका लागि सामुदाय स्तरमा नागरिक आरोग्य सेवा कार्यक्रम, जेरियाटिक स्वास्थ्य समस्याका लागि ज्येष्ठ नागरिक स्वाथ्य प्रवर्द्धन कार्यक्रम संघीय सरकारको सहकार्यमा निरन्तरता दिइनेछ ।



सुरेन्द्र पौडयाल
अध्यक्ष

आ.व.२०८२/८३ को नीति तथा कार्यक्रम

२९. बातव्यादी जस्ता जीर्ण रोगको व्यवस्थापनका लागि संचालित पूर्व कर्म सेवा सुरजपुरा आर्युर्वेद औषाधालयबाट निरन्तरता दिइनेछ ।

३०. मानासिक तथा शारीरिक स्वस्थतता लागि योगा भन्ने अभियान सहित योग अभ्यास प्रवर्द्धन गरिनेछ ।

३१. आर्युर्वेद तथा वैकल्पिक चिकित्सा सम्बन्धी सेवातथा तथ्याँक व्यवस्थापनका लागि संस्थागत क्षमता विकास गरिनेछ ।

३२. खानपान रहन सहन सुधारका लागि स्वच्छ चूलो स्वस्थ जिवन अभियान लिई भान्सा सुधार कार्यक्रम संचालन गरिने छ ।

३३. जिर्ण स्वास्थ्य समस्याको प्रतिअसर रहित उपचारका लागि प्राकृतिक चिकित्सालयहरु संग सहकार्य गरी वैकल्पिक चिकित्सा मार्फत सेवा प्रवाह गरिने छ ।

३४. हरेक विद्यालयमा आधारभूत योग अभ्यास मार्फत विद्यार्थी तथा शिक्षकमा सकारात्मक सोचको विकास गर्दै स्वस्थ, सक्षम मानव संशाधन विकासमा जोड दिइने छ ।

३५. गैडहवा वासी नागरिकलाई स्वास्थ्य सेवाको सहज गुणस्तरीय पहुँच पुऱ्याउन र आफ्नै गाउँपालिका भित्रबाट विशेषज्ञ सेवा उपलब्ध गराउन आगामी आर्थिक वर्ष २०८२/०८३ भित्र १५ शैया अस्पतालवाट विशेषज्ञ सहितको सेवा उपलब्ध गराइने छ ।

३६. आर्थिक अभावमा स्वास्थ्य उपचारबाट वञ्चित रहेका परिवारलाई अधिकतम रुपमा स्वास्थ्य बिमा कार्यक्रममा सहभागी गराउन, विभिन्न किसिमका शसक्तिकरण कार्यक्रम संचालन गर्न, स्वास्थ्य बिमा कार्यक्रमको जानकारी आम नागरिक सम्म पुऱ्याउने गरी जानकारीमूलक सूचना सन्देशको व्यापक प्रचार प्रसार गरिने छ ।स्वास्थ्य विमा कार्यक्रममा आम जनताको पहुँच सुनिश्चित गरिनेछ ।

३७. स्वास्थ्यमा देखिने रोगको प्रारम्भिक अवस्थाको जानकारी लिनको लागि सूर्यपुरा स्वास्थ्य चौकी र कर्महवा स्वास्थ्य चौकीमा संचालनमा रहेको भिडियो एक्सरे सेवालाई जनशक्तियुक्त सुविधा सम्पन्न र थप व्यवस्थित बनाईनेछ ।

३८. साडी स्वास्थ्य चौकी र शिवनगर आधारभूत स्वास्थ्य केन्द्रबाट आ.व. २०८२/८३ देखि प्रसूति सेवा संचालन गरिने छ ।

३९. गैडहवा भित्रका प्रसुति केन्द्र भित्र सुत्केरी हुनेहरुलाई निशुल्क एम्बुलेन्स सेवा निरन्तरता दिईनेछ ।

सुरेन्द्र पौडयाल
अध्यक्ष

४०. उपाध्यक्ष संग सुत्केरी कार्यक्रम अन्तर्गत सम्पूर्ण गर्भवती महिलाहरुलाई पोषिलो खाना उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

४१. स्थानीय स्वास्थ्य संस्थामा सुत्केरी हुन जाने र जटिल भइ बाहिर पठाउनु परेमा स्वास्थ्य संस्थाको सिफारिसमा निःशुल्क एम्बुलेन्स सेवा लाई निरन्तरता दिइनेछ ।

४२. अभिभावकको रुपमा रहेका जेष्ठ नागरिकहरुको तथा फरक क्षमता भएका आम नागरिकहरुको स्वास्थ्य उपचार घर-घरमै गई गर्न अध्यक्षसँग जेष्ठ नागरिक कार्यक्रम लाई निरन्तरता दिईनेछ।

४३. नवजात शिशु मृत्युदर, किशोर-किशोरी मृत्युदर तथा मातृ मृत्युदर न्युनिकरण गर्नको लागि जन सचेतनामूलक कार्यक्रम विद्यालय तथा वडाहरुमा संचालन गरिनेछ र सो को लागि आवश्यक वजेट विनियोजन गरिनेछ ।

४४. आ.व.२०८२।८३ मा घरमा हुने प्रसुतिलाई न्युनिकरण गरी घरमा शून्य प्रसुति गाउँपालिका घोषणा गर्न आवश्यक वजेट व्यवस्थापन गरिनेछ ।

४५. गाउँ पालिका क्षेत्र भित्रका आम जन समुदायमा पोषण तथा सरसफाईको ज्ञान अभिवृद्धि गर्न स्थानीय स्तरमा उपलब्ध भएका साधन स्रोत प्रयोग सम्बन्धि जनचेतनामुलक कार्यक्रम गरिनेछ।

४६. आधारभूत स्वास्थ्य सेवा प्रवाहलाई थप गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न स्वास्थ्य संस्थाको न्यूनतम सेवा मापदण्ड मुल्यांकन गरी आवश्यक स्वास्थ्य सामाग्री व्यवस्थापन गर्नको लागि वजेट व्यवस्थापन गरिनेछ ।

४७. किशोर किशोरीहरुमा एनेमिया रोग न्यूनिकरणको लागि एनेमिया खोज पड्ताल गरी आइरन फोलिक एसिड कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

४८. नेपाल सरकारले तोके वमोजिम औषधी तथा सर्जिकल सामाग्री खरिदको लागि आवश्यक वजेट व्यवस्थापन गरिनेछ ।

४९. आफ्नो स्वास्थ्य आफ्नो जिम्मेवारी कार्यक्रम कार्यान्वयनको लागि सामूदायमा सचेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।

५०. सरुवा तथा मौसमी रोग डेंगु कालाजार औलो आदि को नियन्त्रण तथा व्यवस्थापन गर्न कार्यक्रम ल्याइने छ ।

५१. रेविजको रोकथाम तथा उपचारका लागि प्रदेश तथा संघिय सरकारसंगको सहकार्यलाई जोड दिइने छ ।



सुरेन्द्र पौड्याल
अध्यक्ष

५२.एच आइ भि एड्स लगायत जोखिमयुक्त स्वास्थ्य समस्यावाट प्रभावित नागरिकलाई जिवन निर्वाहको लागि आवश्यक कार्यक्रम संचालन गरिने छ ।

५३.औषधि पसल नीजि क्लिनिक तथा स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको अनुगमन नियमनलाई प्रभावकारी वनाईने छ ।

५४.स्वास्थ्य चौकीवाट हुने स्वास्थ्य सेवालाई सेवाग्राही मैत्री वनाई आधारभूत सेवाको १०- ५को अवधिलाई प्रभावकारी वनाईने छ ।

५५.रक्त संचार सेवामा गैडहवावासीको सहज सरल पहुंच स्थापित गर्न रक्त संचार सेवा क्रियाशिल संघ संस्था संगको सहकार्यलाई अझ चुस्त वनाईने छ ।

५६.आंखा उपचार सेवामा गैडहवा वासीको सहजताका लागि चालू आ.व.देखि शुरु गरिएको आंखा उपचार अस्पतालहरुसंगको सहकार्यलाई निरन्तरता दिईने छ ।

**आदरणीय सभा सदस्य ज्यूहरु,**

**पशुपालन तथा मत्स्य सेवा प्रवर्द्धन तर्फ**

५७.पशुपन्छीमा लाग्ने रोगहरुको निदान तथा उपचारको लागि प्राविधिक जनशक्ति औषधि तथा प्रविधिको उच्चतम परिचालन गरी पशु सेवालाई प्रभावकारी वनाइने छ ।

५८.पशुपन्छीको आहार, व्यवस्थापन तथा पशुपालनमा ज्ञान अभिवृद्धि गर्ने कार्यक्रमहरु हरेक वडामा सञ्चालन गरिनेछ ।

५९.उत्पादन लागत घटाउन घाँसमा आधारित पशुपालन पद्धतिलाई विशेष प्राथमिकता दिइनेछ । यसको लागि वर्षे घाँस, हिउँदे घाँसको बीउ/सेट्स/बेर्ना वितरण कार्यक्रम सञ्चालन गरिनेछ ।

६०.पशुबाट मानिसमा र मानिसबाट पशुमा सर्ने रोग (जुनोटिक रोग) हरुको रोकथाम तथा नियन्त्रणको लागि कृषकस्तरमा तालिम सञ्चालन गरिने छ ।

६१.पशुजन्य उत्पादन वृद्धि गर्न नश्ल सुधार आवश्यक हुने हुँदा, कृत्रिम गर्भाधान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

६२.पशुपालनमा देखिएका महामारीजन्य रोग नियन्त्रणको लागि हाल सञ्चालन भइरहेको पशु खोप कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

६३.पशुहरुको उपचारको लागि विपन्न कृषकहरु बसोबास गर्ने बस्तीमा औषधि तथा उपकरण सहितको पशु प्राविधिकको उपस्थिति सुनिश्चित गरिने छ ।

सुरेन्द्र पौडयाल
अध्यक्ष

आ.व.२०८२/८३ को नीति तथा कार्यक्रम

६४. यस गाउँपालिकालाई मत्स्य हबको रुपमा विस्तार गर्न संघीय सरकार तथा प्रदेश सरकारसँगको सहकार्यलाई प्रभावकारी बनाइनेछ ।

६५. व्यावसायिक पशुपालक कृषकलाई उपकरण तथा अनुदान मार्फत प्रोत्साहित गरिने छ ।

६६. वास्तविक किसानको सहजिकरणका लागि कृषकको घर- घर, खेत- खेत कृषि तथा पशु प्राविधिक खटाईने छ ।

६७. दुग्ध तथा दुग्ध जन्य उत्पादन वृद्धि गर्न दुग्ध उत्पादन सामाग्री, पशुनश्ल सुधारका साथै दुग्ध संकलन केन्द्रका लागि आवश्यक बजेटको व्यवस्था मिलाइने छ ।

६८. माछा पालक कृषकहरुलाई प्रोत्साहन गर्न तथा माछाको उत्पादनमा वृद्धि गर्न माछा खेती व्यवस्थापन सम्बन्धि तालिमको व्यवस्था मिलाईनेछ तथा वजार व्यवस्थापन गरिनेछ र सो को लागि वजेट व्यवस्थापन गरिनेछ ।

६९. गाउँपालिकाभित्र रहेका ताल तथा पोखरीहरुको मर्मत संभार स्तरोन्नति पानीको यथेष्ट उपलब्धता गरी गाउँपालिकाको राजश्व वृद्धि गर्ने र माछा निर्यात गरी गैडहवालाई माछा हब बनाउन आवश्यक व्यवस्था मिलाइने छ ।

आदरणीय सभासदस्य ज्यूहरु

**कृषि सेवा तर्फ**

७०. सिंचाइ सुविधाबाट बञ्चित रहेका कृषकहरुलाई संघीय सरकार र प्रदेश सरकारसँगको समन्वयमा सहज रुपमा स्यालो ट्युबेल, ड्युप ट्युबेलमा पानी तान्ने पम्प उपलब्ध गराउने व्यवस्थालाई निरन्तरता दिईने छ ।

७१. कृषकहरुको उत्पादनलाई सहज रुपमा बजार सम्म पुर्‍याउन थोक हाट बजार संचालन गर्न जग्गा व्यवस्थापन गर्ने, आवश्यक संरचना निर्माण गर्ने र उत्पादनलाई नजिकको बजार सम्म पुर्‍याउन कृषक सहजिकरण कार्यक्रम ल्याइने छ ।

७२. सूर्यपुरामा रहेको (चिस्यान केन्द्र) कोल्ड स्टोरलाई आ.व. २०८२/०८३ देखि निजी क्षेत्र वा कृषि समुहको सहकार्यमा संचालन गरिनेछ।

७३. किसानका समस्यालाई तुरुन्त पहिचान गरि समाधान गर्न कृषक एप्स प्रयोगमा ल्याईने छ ।

सुरेन्द्र पौडयाल
अध्यक्ष

७४. कृषकहरुलाई कृषि पेसामा टिकाउन आम्दानीका स्रोत बढाउन र कृषि अनुदानलाई व्यवस्थित रुपमा संचालन गर्न कृषक परिचयपत्र बनाइ सोही परिचयपत्रका आधारमा कृषि अनुदान वितरण गर्न आवश्यक व्यवस्था मिलाइने छ ।

७५. गैडहवाको सीमा भएर बग्ने दानव नदीको पानी लिफ्ट गरी सिंचाइ गर्न सम्भाव्यता अध्ययन गर्ने र सम्भाव्यताका आधारमा योजना संचालनको प्रक्रिया अगाडी बढाउन पहल गरिने छ।

७६. कंचन सिंचाइ योजनालाई व्यवस्थित रुपमा संचालन गर्न उक्त नदीको पानी गैडहवा तालमा रिर्जभ गरी राख्ने र सुख्खा याममा वितरण गरी कृषकहरुलाई बेमौसमी उत्पादनमा आकर्षण गरी आय आर्जन बृद्धि गर्न आवश्यक व्यवस्था मिलाइने छ ।

७७. कंचन नदीमा लिफ्ट सिंचाइ संचालन गरी बलुहवा र अठघरवामा सिंचाइ सुविधा पुऱ्याउन सम्भाव्यता अध्ययन गर्ने र सम्भाव्यताका आधारमा संघीय सरकार र प्रदेश सरकारसंगको समन्वय र सहयोगमा योजना संचालन गर्न पहल गरिने छ ।

७८. उन्नत बिउ,नश्लमा सुधार ल्याउन र कृषकको पहुँच वृद्धि गर्न आवश्यक बजेट व्यवस्था मिलाइने छ ।

७९. खाली रहेको जमिनलाई सदुपयोग गर्न, आय आर्जन वृद्धि गर्न विभिन्न सामुदायिक बनहरुसँगको सहकार्यमा फलफूल जन्य विरुवा लगाउन चाहने सामुदायिक वन र अन्य समुहलाई अनुदान दिने व्यवस्था मिलाइने छ ।

८०. भुमिगत पानीको सतह छुट्न नदिन विभिन्न स्थानमा रहेका पोखरीहरुमा वर्षाको पानी संकलन गरी राख्ने व्यवस्था मिलाइने छ ।

८१. तरकारी पकेट कार्यक्रमलाई थप विस्तार गरी व्यवस्थित रुपमा संचालन गर्न आवश्यक निरन्तरता दिईनेछ ।

८२. संघीय सरकारसँगको समन्वयमा सिंचाइका लागि प्रयोग हुने विद्युत महशुलमा निश्चित प्रतिशत सम्म छुट दिने व्यवस्था मिलाइने छ ।

८३. कृषकहरुले जोड्ने कृषि मिटर लगाउँदा लाग्ने जडान शुल्क नेपाल विद्युत प्राधिकरणको रसिद अनुसार छुट दिने व्यवस्थालाई निरन्तरता दिईनेछ ।

८४. विभिन्न विद्यालय तथा मन्दिरको नाममा रहेका गुठी जग्गाको संरक्षण संवर्द्धन गर्दै आय आर्जन वृद्धिमा जोड दिइने छ ।

८५. रासायनिक मल माथिको निर्भरता न्यूनिकरण गर्न मलको वैकल्पिक (गडयौला मल हरियो मल)लाई प्रोत्साहन गरिने छ ।



सुरेन्द्र पोड्याल
अध्यक्ष

८६. वास्तविक पशुपालक किसान पहिचान गर्ने अनुगमनलाई प्रभावकारी वनाउंदै अनुदानलाई वास्तविकतामा आधारित वनाइने छ ।

८७. वातावरणीय सन्तुलन तथा आम्दानीको श्रोत प्रवर्द्धन गर्न *एक घर दुई लिचि अभियान*को नीति अवलम्वन गरिनेछ ।

८८. वजारका खाद्यपदार्थलाई विषादी मुक्त गर्न संघ सरकारसंग सहकार्य गर्दै सचेतना अभिवृद्धिमा जोड दिइने छ ।

आदरणीय सभा सदस्य ज्यूहरु,

पर्यटन प्रवर्द्धन तर्फ

८९. लुम्बिनी घुम्न आउने पर्यटकहरुलाई गैडहवा ताल,यशोधरा पार्क,रामजानकी मन्दिर, वाल उद्यान, तुलसीहवा ताल सम्म घुम्न आउने वातावरण निर्माण गरिनेछ । सो कार्यका लागि प्रदेश सरकार र संघीय सरकारसँग समन्वय गर्दै विभिन्न दातृ संस्था तथा ट्रष्टहरुसँगको समन्वयमा पर्यटकिय गन्तव्यको रुपमा विकसित गर्न आवश्यक व्यवस्था मिलाइने छ ।

९०. गैडहवाको शानकै रुपमा रहेको गैडहवा काललाई थप व्यवस्थित गरी १२ महिना पानी सुक्न नदिइ सिमसार क्षेत्रको रुपमा सूचीकृत गर्ने र सुरक्षित रुपमा स्टिमर १२ महिना चलाउने व्यवस्था मिलाउने र आसपासको क्षेत्रलाई पिकनिक स्पटको रुपमा विकसित गर्न भौतिक तथा सामाजिक संरचना विकास गरिने छ ।

९१. गैडातालको किनारमा बस्ने स्थानीय बासिन्दाको आय आर्जनमा वृद्धि गर्न पर्यटकहरुलाई घरमै बसे जस्तो महसुस गराउने, स्थानीय स्तरमा उत्पादित सामाग्रीहरु खुवाउने गरी संचालन हुन लागेको होमस्टे नवप्रवर्तन परियोजना लाई अझ परिस्कृत गरी नमूनाको रुपमा संचालन गरिने छ ।

९२. गैडातालमा आउने आगन्तुक चराहरुको संरक्षण गर्ने र चरा हेर्न पर्यटक ल्याउने नीति अवलम्वन गरिने छ ।

९३. लुम्बिनी साँस्कृतिक नगरपालिका, शुद्धोधन गाउँपालिका र गैडहवा गाउँपालिकाको अन्तिम आस्थाको धार्मिक केन्द्र सन्तेश्वर घाट निर्माणको काम सम्पन्न गरी दाह संस्कार स्थललाई आधुनिक तथा मर्यादित अन्तेष्टिको व्यवस्था मिलाइने छ ।



सुरेन्द्र पौड्याल
अध्यक्ष

आ.व.२०८२/८३ को नीति तथा कार्यक्रम

९४. सामाजिक,पारिवारिक संरचना तथा जिवन संस्कृतिमा आएको परिवर्तनलाई मध्यनजर गरी मर्चरी चेम्वरको प्रवन्ध गरिने छ ।

९५. विद्युत लाइन तथा पोल नपुगेका गाउँपालिका भित्रका सम्पूर्ण क्षेत्र पहिचान गरी नेपाल विद्युत प्राधिकरणसँगको सहकार्यमा गाउँपालिका भित्रका सबै घरमा विद्युतको पहुँच पुऱ्याइने छ ।

९६. आर्थिक अभावका कारण विद्युत मिटर जडान गर्न नसकेका विपन्न, दलित र सिमान्तकृत वर्गका समुदायलाई नेपाल विद्युत प्राधिकरणसँगको समन्वयमा निःशुल्क विद्युत मिटर उपलब्ध गराउने व्यवस्था मिलाइने छ ।

९७. विद्युत भोल्टेज कम, विद्युत तार समस्या भएका स्थानमा तार व्यवस्थापन र भोल्टेज सुधारको लागि नेपाल विद्युत प्राधिकरणसँगको समन्वयमा थप पोल तार तथा ट्रान्सफर्मरको क्षमता वृद्धि गर्न आवश्यक व्यवस्था मिलाइने छ ।

९८. राष्ट्रिय रोजगार कार्यक्रमलाई थप प्रभावकारी रुपमा संचालन गरी आय आर्जनमा जोड्ने व्यवस्था मिलाइने छ ।

९९. महिला शसक्तिकरणलाई प्रभावकारी रुपमा संचालन गर्ने र महिलाहरुलाई विभिन्न किसिमका सीपहरु प्रदान गरी आत्मनिर्भर बनाउँदै लग्ने व्यवस्था मिलाइने छ ।

१००. गाउँपालिकाभित्र रहेका सम्पूर्ण सडकहरुलाई १२ महिना संचालन हुने गरी मर्मत सम्भारको व्यवस्था मिलाइनेछ ।

१०१. सूर्यपुरा बजारमा निर्माणाधिन रिङरोड निर्माणको कार्य आ व ०८२।०८३ मा सम्पन्न गरिने छ ।

१०२. नदी नियन्त्रणको लागि स्थानीय स्तरमा उपलब्ध हुने समाग्रीको प्रयोग गर्ने र नदी किनारमा कटान भएको स्थानहरुमा तटवन्ध कार्य गरिनेछ।

१०३. जलवायु परिवर्तनका असर प्रभावको न्यूनिकरण गर्न अनुकुलन तथा उत्थानशिलता प्रवर्द्धन गरिने छ ।

१०४. वैकल्पिक उर्जाको उपयोगमा थप जोड दिइने छ ।विद्युतिय चूलो, सुधारिएको चूलो, वायोग्यास जस्ता वैकल्पिक उर्जाका श्रोत अति विपन्न परिवारमा वितरण गरिने छ ।

१०५. कृषि उद्यमवाट उत्पादित अतिरिक्त उत्पादन जस्तै गहुं,धानको छवाली जलाउने जस्ता कार्यलांई निरुत्साहित गरिने छ ।यस्ता कार्यमा संलग्नलाई दण्ड सजायको व्यवस्था गरिने छ ।



सुरेन्द्र पौड्याल
अध्यक्ष

१०६. भवन निर्माणमा भवन निर्माण आचार संहिताको पालनालाई अनिवार्य गरिने छ । साविकका पानी निकास क्षेत्रको संरक्षण मर्मत संभार गर्दै पानीको प्राकृतिक वहावका अवरोध हटाइने छ ।

१०७. खानेपानीका ओभरहेड ट्याङ्की निर्माण भई सकेको तर पाइप अभावका कारण पाइपलाईन विस्तार हुन नसकी स्वच्छ खानेपानी सुविधा पुऱ्याउन पाइप विस्तारको लागि संघीय सरकार र प्रदेश सरकारको समन्वयमा पाइप विस्तार कार्य सम्पन्न गरी स्वच्छ खानेपानीको सुविधा उपलब्ध गराइनेछ ।

१०८. फोहोरलाई विसर्जन गर्न बजार क्षेत्र तथा हाट बजार क्षेत्रबाट फोहोर उठाउने व्यवस्थाका लागि गाउँपालिकाको सवारी साधनलाई संचालन गर्ने व्यवस्था मिलाइने छ ।

**राजस्व तर्फ**

१०९. गाउँपालिकाको आम्दानीका श्रोत बढाउन राजश्वका क्षेत्रहरु पहिचान गरी आयका क्षेत्र विस्तार गरिनेछ ।

११०. करका क्षेत्रमा नसमेटिएका व्यवसायीहरुलाई करको दायरामा ल्याउन र जनतालाई घर नजिकबाट विभिन्न किसिमको सेवा उपलब्ध गराउन घुम्ति शिविरको आयोजना गर्ने व्यवस्था मिलाइनेछ ।

१११. छरिएर रहेका पूँजीलाई एकिकृत गरी ठूला लगानी गरी विभिन्न उद्योग तथा व्यवसाय संचालन गर्न र आम जनसमुदायमा बचत गर्ने बानीको विकास गर्न विभिन्न कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाइनेछ ।

११२. सहकारी संस्था खोल्ने पूँजी जम्मा गर्ने र सर्व साधारणको रकम लिएर दुरुपयोग गर्ने देखिएकोले सहकारीहरुको अनुगमन र निरीक्षणलाई प्रभावकारी बनाइनेछ । सोको लागि गैडहवा गाउँपालिकाको अनुगमन समितिलाई जिम्मा दिईनेछ।

११३. पुंजीवजारको पहुंच विस्तारका लागि धितोपत्र वोर्डवाट निष्काशन हुने प्राथमिक शेयरमा लगानी गर्नका लागि पुंजीवजार शिक्षा संचालन गर्ने नीति लिइने छ ।

११४. छाडा चौपायाबाट बाली नाली नोक्सान भइ मर्माहत भएका कृषकहरुलाई राहत उपलब्ध गराउन मन्ठाधारी बाबा सामुदायिक बन क्षेत्र भित्र अस्थायी संरचना बनाइ छाडा चौपाया राख्न प्रदेश सरकार र संघीय सरकारसँगको समन्वयमा कान्जिहाउस निर्माण कार्य अगाडी बढाइ निजी क्षेत्र तथा लुम्बिनी विकास कोष र अन्य छिमेकी स्थानीय तहको साझेदारी र सहभागितामा कान्जी हाउस संचालनमा ल्याइनेछ ।



सुरेन्द्र पौडेल
अध्यक्ष

गाउँपालिकाको कार्यालय विष्णुपुरा, रुपन्देही लुम्बिनी प्रदेश, नेपाल २०७३

११५. युवाहरुलाई आत्मनिर्भर बनाउन विभिन्न आयमूलक कार्यक्रमहरु संचालन गरिनेछ ।

विपद व्यवस्थापन

११६. विभिन्न समयमा आईपर्ने विपदको समस्या समाधान गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

११७. सार्वजनिक जग्गाहरु नाप जाँच गरी यकिन गरी वृक्षारोपण गरिनेछ। सो को लागि आवश्यक व्यवस्थापन गरिनेछ ।

११८. दानव तथा कंचन नदीले वर्षेनी खेती योग्य जमिन कटान गरी उर्वराभुमिलाई बगर बनाइ रहेकोमा नदी कटान नियन्त्रण गर्न संघीय सरकार र प्रदेश सरकारसँग समन्वय गरी नदी नियन्त्रण कार्यक्रम संचालन गरिने छ ।

११९. आगलागी, डढेलो नियन्त्रण गर्न बारुण यन्त्र संचालन व्यवस्थापनका लागि आवश्यक बजेट बिनियोजन गरिने छ ।

उपस्थित महानुभावहरु

भूमि तर्फ

१२०. विभिन्न समयमा भएको जग्गा नापी प्रक्रियामा छुटी जग्गाधनी प्रमाण पुर्जा प्राप्त गर्न नसकेका घरबास जग्गामा बसोबास गर्ने १, २, ३, ४, ५ र ७ वडाका व्यक्तिहरुलाई यसै आर्थिक वर्षमा जग्गा धनी प्रमाण पुर्जा वितरण गर्न र अन्य वडामा आगामी आ.व. मा नापजाँच गरी जग्गा वितरण कार्य अगाडी बढाइनेछ ।

१२१. लामो समयदेखि जग्गा उपभोग गरी बसोबास गर्दै आएका अव्यवस्थित बसोबासीहरु तथा भूमिहिन दलित भूमिहिनहरुलाई २०८२/०८३ भित्रमा जग्गाधनी प्रमाण पुर्जा प्राप्त गर्ने व्यवस्था मिलाइनेछ ।

सुशासन तथा व्यवस्थापन तर्फ

१२२. जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता वृद्धि गर्न विभिन्न किसिमका तालिम गोष्ठी, सेमिनार, अध्ययन अवलोकन भ्रमणको व्यवस्था मिलाइने छ ।

१२३. गाउपालिकावाट प्रवाह हुने सेवाको उत्पादन र वितरणलाई प्रविधिमा आधारित गर्दै faceless, paperless अवधारणा अवलम्वन गरिने छ ।

१२४. गाउँपालिकामा रिक्त पदहरुको रहेका पदपूर्तिगर्दै दक्ष जनशक्तिलाई जिम्मेवारी प्रदान गरिने छ ।



सुरेन्द्र पौडेल
अध्यक्ष

१२५. सबैभन्दा छिटो र गुणस्तरीय विकास निर्माणका कार्यहरु सम्पन्न गर्ने वडालाई पुरस्कार स्वरुप योजना संचालनका लागि विशेष बजेटको व्यवस्थापन गरिने छ ।

१२६. आर्थिक तथा खरिद ऐन र नियमावलीहरुको पूर्ण पालना गरी बेरुजु न्यूनीकरण तथा बेरुजु फछ्यौट कार्यलाई प्रभावकारी रुपमा अगाडी बढाइनेछ ।

१२७. कर्मचारीहरुलाई कार्यसम्पादन कार्यविधिका आधारमा प्रोत्साहनको व्यवस्था मिलाइनेछ ।

१२८. सामाजिक परिक्षण, सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाइ कार्यक्रमलाई प्रभावकारी रुपमा लागू गरी जनतासँगको अन्तरक्रियालाई प्रभावकारी वनाइने छ ।

१२९. न्यायिक समितिको अन्तरपालिका कार्य सम्पादन अध्ययन अन्तर्कृया मार्फत क्षमता विकास गरिने छ ।

१३०. गाउपालिकामा न्याय निरुपणका लागि आवश्यक कानूनी पूर्वाधारलाई पूर्णता दिईने छ ।

१३१. न्यायिक समितिको कार्य सम्पादनका क्रममा देखिने सुरक्षा चुनौतीको व्यवस्थापनमा जोड दिईने छ ।

### राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण तर्फ

१३२. सामाजिक सुरक्षा भत्ता तथा पञ्जिकरणका कार्यहरुलाई संघीय सरकारको समन्वयमा एम.आई.एस.प्रणालीमा अद्यावधिक गरिनेछ ।

१३३. सामाजिक सुरक्षा भत्ता नविकरण, घटना दर्ता सप्ताह कार्यक्रम लगायतका कार्यक्रम प्रभावकारी बनाउन प्रचार-प्रसार अभियान सञ्चालन गरिनेछ ।

१३४. Biometric verification का माध्यमबाट सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको पहिचान गरि सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीलाई थप व्यवस्थित बनाइने छ ।

### विविध

१३५. घरबार बिहिन तथा आश्रय स्थल नभएका व्यक्तिहरुलाई मानवसेवा आश्रममा राख्ने व्यवस्था मिलाइने र त्यसका लागि आवश्यक बजेटको विनियोजन गरिनेछ ।

१३६. युवाहरुलाई दुर्व्यसनको लतबाट छुटाउन विभिन्न किसिमका सचेतना मुलक कार्यक्रमहरु संचालनमा ल्याइनेछ ।

१३७. उपभोक्ता समिति मार्फत काम गर्दा खाता सञ्चालनमा कम्तिमा १ जना महिला अनिवार्य हुनु पर्ने र उपभोक्ता समितिका पदाधिकारीमा ३३ प्रतिशत महिला सुनिश्चित गरिनेछ ।



सुरेन्द्र घोडियाल
अध्यक्ष

१३८. शान्ति सुरक्षा र सु-व्यवस्थालाई प्रभावकारी बनाउन सुरक्षाका अंगहरुसंग सहकार्यमा सुरक्षाका भौतिक तथा सामाजिक संरचनामा सुधारको नीति अवलम्वन गरिने छ ।

१३९. गाउँपालिकाको योजना कार्यान्वयन तथा सेवा प्रवाहको प्रभावकारीताको मापन तथा सुधारका लागि सर्वेक्षण फारम मार्फत जनताको राय बुझ्ने कार्यको शुरुवात गरिनेछ ।

१४०. असहाय तथा विपद्बाट प्रभावितहरुका लागि आवश्यकतामा आधारित कपडालत्ता क्लोथ बैंक नेपालको सहकार्यमा उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

सुरेन्द्र पौड्याल
अध्यक्ष